# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सबैला,धनुषा

मधेश प्रदेश,नेपाल

## हाटबजार ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको २१ दिने सुचना ।

प्रथम पटक प्रकाशित मिति २०८३/०१/२४ गते

यस सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको हाट बजारहरुको बट्टी असुल गर्नका निमित्त सिलबन्दी बोलपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि मिति २०८३/०२/१४ गते दिनको १२:०० बजे भित्र धरौटी वापत कबुल अंकको १०% (दशप्रतिशत) रकम सबैला नगरपालिका स्थित एन. आई. सी. एसिया बैंकमा रहेको धरौटी खाता नं. ग-३-०३१२०५००३९४५९००६ मा जम्मा गरी सोको सक्कलै बैंक भौचर सहित टिकट वापत रु १०।- को नोट संलग्न राखी सिलबन्दी बोलपत्र यस सबैला नगर कार्यपालिकाको कार्यालय सबैलामा दर्ता गराउनुहोला र सो सिलबन्दी बोलपत्रहरु सोही दिन अर्थात मिति २०८३/०२/१४ गते दिनको २:०० बजे खोलिने छ । बोलपत्र खोलिने बखत बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ । उपस्थित नरहे पनि बोलपत्र खोलिने कार्य रोकिने छैन् र पछि कसैको उजुरी नलागने व्यहोरा समेत सर्वसाधारणलाई जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. यो सुचना प्रथम पटक प्रकाशित मितिले २१ (एकाइस) दिन २०८३/०२/१३ गते भित्र रु ३०००।- (तिन हजार) नगद तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ । बोलपत्र फारम खरिद गर्दा नेपाली नागरिक्ता प्रमाण - पत्रको प्रतिलिपि वा सक्कलै अनिवार्य रुपले दिनु पर्ने छ ।

२. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले जम्मा बर्ष ३ (तिन) बर्ष को हुनेछ ।

३. तल उल्लेखित बजारको निम्न बमोजिमको न्युनतम मोलमा नघटाई बोलपत्र भर्नुपर्नेछ । नगरपालिकाको प्रस्तावित अंकभन्दा घटी भएमा बोलपत्र अस्वीकृत हुनेछ ।

| आय ठेक्का नं. | बजारको नाम | बजार रहेको स्थान | ३ (तिन) बर्षको न्युनतममोल मु. अ. कर सहित | ठेक्काको किसिम |
|---|---|---|---|---|
| १/०८२/०८३ | सबैला गुदरी हाटबजार | सबैला - ३, सबैला | रु २७,१५,०००।- (सताइस लाख पन्ध्र हजार मात्र) | बजार ठेक्का |

४. सबैला नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित र छाप नलागेका बोलपत्र उपर कुनै कारवाही हुने छैन् ।

५. बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ ।

६. न.पा. को रकम कलम बाँकी रहेका व्यक्ति वा ठेकेदार तथा फर्मले न. पा. को रकम कलम चुक्ता नगरेमा निजको नाउमा ठेक्का स्वीकृत गरिने छैन् ।

७. सबैला नगरपालिकाबाट प्राप्त निर्देशनलाई सम्बन्धित ठेकेदारले पुर्णरुपले पालन गर्नु पर्नेछ ।

८. नेपाल सरकारलाई तिर्नु पर्ने कर ठेकेदार स्वयंले नै तिर्नु पर्नेछ ।

९. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट खोलिने छ ।

१०. धरौटी वापत जम्मा गरेको १० प्रतिशत रकम अन्तिम किस्तामा मिलान हुनेछ ।

११. बट्टि रकम यस कार्यालयबाट तोकिएको दर-रेटमा लिनुपर्ने छ । साथै सो को रसिद दिनु पर्ने छ ।

१२. उक्त बजार क्षेत्र भित्र सिर्जित फोहर मैलाहरु ठेकेदार स्वयंले सफागरी बाहिर फ्याक्नु पर्ने छ र सो काम नगरे सो बाट कुनै किसिमको माहामारी अथवा रोग लागेमा ठेकेदार स्वंय जिम्मेवार हुनेछ ।

१३. नगरपालिकाले कुनै पनी अवस्थामा ठेक्का रकम मिन्हा र म्याद थप गर्ने छैन ।

१४. किस्ताको हकमा वार्षिक किस्ता हुनेछ । ठेक्का वापत पहिलो किस्ता कुल ठेक्का रकमको ३० प्रतिशत रकम बुझाईएमा मात्र चलन पुर्जी दिइने छ। र बाँकीदुई वटा किस्ता ३०/३० प्रतिशत रकम कमश २०८३ पुष र २०८५ असाढ महिनाको २० गते भित्र अनिवार्य बुझाउनु पर्नेछ । नबुझाएको खण्डमा ठेक्का बदरगरी अर्को व्यवस्था भइजानेछ ।

१५. ठेक्का सदर भएको ७ ( सात ) दिन भित्र पहिलो किस्ता बुझाई सके पछी मात्र चलनपुर्जी दिईनेछ । सो म्याद भित्र चलनपुर्जी पट्टा नउठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो वापत राखेको धरौटी रकम जफत हुनेछ ।

१६. म्याद नाधी र रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

१७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहने छ ।

१८. यस सुचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ ।

१९. यस सम्बन्धी अन्यकुरा जानकारी लिनुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालय, सबैला, धनुषामा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्ने छ ।

२०. किस्ता वापतको रकम श्री NIC ASIA BANK LTD. खाता नं. ग.१.१ ०३१२०५००३९४५९००१ मा जम्मा गर्नु पर्ने छ । खाता वालाको नाम आन्तरिक राजश्व खाता सबैला नगरपालिका रहेको छ । र साथै उक्त बजार परिपर भित्र रहेका सटर कटघेरा टहरा आदीमा गई बट्टि उठाउन पाउने छैन ।

खिम बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क: नगर प्रमुख 9844101838, उपप्रमुख 9807843011 प्रमुख प्रशासकीय अधिकृत 9854062111
email:sabailamun@gmail.com, web: wwwsabailamun.gov.np

खिम बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

तनहुँ र
सारी गर्न
andaki.
सबैलाई

# सबैला नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**सबैला, धनुषा, मधेश प्रदेश, नेपाल**

## आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हानको २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२४ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ बमोजिम विटौरी कर संकलन गर्ने प्रयोजनार्थ सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको हाटबजार बढाबढ प्रकृयाबाट ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि सबैला न. पा.को कार्यालय तथा website- www.sabailamun.gov.np मा सम्पर्क गर्न सकिनेछ। **तपसिल**

| आय ठेक्का नं. | बजारको नाम | स्थान | न्यूनतम मोल मू. अ. कर समेत रु | अवधि |
|---|---|---|---|---|
| १/०८२/०८३ | सबैला गुदरी बजार | सबैला न. पा. वडा नं. ३ | रु २७,१५,०००।- (सत्ताइस लाख पन्ध्र हजार रुपैयाँ मात्र )। | जम्मा ३ (तीन) वर्षका लागि मात्र |